# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## भूमे गाउँपालिका
## रुकुम पूर्व




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. २१८ मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
भूमे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
रुकुम पूर्व ।

**कैफियत सहितको राय**

हामीले भूमे गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. भूमे गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू १ करोड ७७ हजार बेरुजू देखिएको छ। सोमध्ये बेरुजू असुल गर्नुपर्ने रू. १७ लाख ६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३८ लाख ६६ हजार, नियमित गर्नुपर्ने रू. ३४ लाख २४ हजार र पेश्की रू. १० लाख ८१ हजार रहेको छ ।पालिकाको गतवर्षसम्मको बेरुजु रु ६ करोड ९४ लाख २ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत रु ७ करोड ३५ लाख २५ हजार हालसम्मको अद्यावधिक बेरुजू रहेको छ । भूमे गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. भूमे गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

भूमे गाउँपालिका

## बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४९ | ४८ | १००७७ | ० | ० | ० | ४९ | ४८ | १००७७ | १७०६ | ३४२४ | ३८६६ | ० | ० | ७२९० | १०८१ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुकुम पूर्व | ६९४०२ | ० | ५९५४ | ६३४४८ | ० | १००७७ | ७३५२५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : भूमे गाउँपालिका, रुकुमकोट , भूमे गाउँपालिका , रुकुम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चन्द्रसिंह श्रेष्ठ | २०७३-१२-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गणेश ओलि | २०७६-९-३ | |
| | | **बेरुजु रकम** | १०,०७६,७८८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,७३,४४,५६५.८१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६,०६,१४,३५० | **चालु खर्च** | २५,८६,२२,४५४.४ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,७२,०१,००० | **पूँजीगत खर्च** | १८,३८,३७,१३८.४ |
| **राजश्व बाँडफाँट** | ६,८५,८६,८६७.५७ | **वित्तीय/अन्य व्यवस्था** | १३,२९,३६,४२५.८३ |
| **आन्तरिक आय** | ५६,४१,९७८.०२ | | |
| **अन्य आय** | १०,१८,१९,५०१.८५ | | |
| **कुल आय** | ५७,३८,६३,६९७.४४ | **कुल खर्च** | ५७,५३,९६,०१८.६३ |
| **बाँकी मौज्दात** | | ३,५८,१२,२४४.६२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस भूमे गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस भूमे गाउँपालिका अन्तर्गत ९ वडा, ४५ सभा सदस्य, २७३.६७ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार 5 सय 89 जना जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरिएको छ तर पूर्ण रुपमा पालना गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २५ ऐन, ९ नियमावली, ३२ कार्यविधि ७ निर्देशिका र ७ नर्म्स समेत ७३ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई आँशिक मात्र हस्तान्तरण गरेको पाइयो, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई चौमासिक रुपमा ई. टि.डि.एस. गरेको छ ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणालीमार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आंशिक रुपमा मात्र पालना गरेको पाइयो।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• लगबुक राख्ने गरेको देखिएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **स्थानीय तहबाट संचालन गरिने कार्यक्रम**<br>:yfgLo txaf6 ;+rfng ul/g] sfo{qmd tyf :yfgLo txn] ljleGg sfo{ ;Dkfbgsf] nflu ul/g] k\|zf;lgs sfo{x? ;Dkfbg ug]{ ;Gbe{df b]xfo cg';f/ ul/g' kg]{ b]lvPsf] 5 M- | |
| ४.१ | | | स्थानीय तहबाट संचालन हुने आयोजनाहरुमा उपभोक्ता समिति गठन गर्दा वास्तविक उपभोक्ताहरुको भेला गराई समिति गठन हुने व्यवस्था मिलाउनुपर्दछ । सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 को उपनियम 12 बमोजिम उपभोक्ता समितिमार्फत निर्माण सम्पन्न भएको योजना मर्मत संभार तथा रेखदेखको जिम्मेवारी सहित उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने तथा उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने योजनाहरुमा संचालन, मर्मतसम्भार तथा स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्था सम्झौतामा उल्लेख गरि उपभोक्ता समितिहरुलाई अविच्छिन्न उत्तराधिकारी संस्थाको रुपमा दर्ता गर्ने व्यवस्था गर्ने तर्फ गाउँपालिकाले पहल गर्नुपर्ने देखिन्छ। | |
| ४.२ | | | उपभोक्ता समिति मार्फत हुने गरेका स्थानीय पूर्वाधार निर्माणमा कानून विपरित हेभि इक्युपमेन्ट प्रयोग गरेको पाईयो। प्रतिस्पर्धा गराई ठेक्का मार्फत गर्नुपर्ने कतिपय कामहरु समेत उपभोक्ता समितिमार्फत कार्य गराएको देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 को उपनियम 11,12 र 13 (क) को पूर्ण पालना हुनुपर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |
| ४.३ | | | सार्वजनिक निर्माण कार्यमा कार्य प्रकृति अनुसारको प्रयोगशाला परीक्षणबाट तोकिएको गुणस्तर प्राप्त गर्ने सम्बन्धमा सम्झौतामा नै स्पष्ट उल्लेख गर्ने तथा योजनाको फरफारक गर्दा प्रयोगशाला परीक्षण प्रतिवेदन तथा स्थलगत नापजाँच एवं गुणस्तरको मापन अनिवार्य संलग्न गर्नुपर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । | |
| ५ | | | **स्थानीय तहबाट संचालन गरिने कार्यक्रम**<br>:yfgLo txaf6 ;+rfng ul/g] sfo{qmd tyf :yfgLo txn] ljleGg sfo{ ;Dkfbgsf] nflu ul/g] k\|zf;lgs sfo{x? ;Dkfbg ug]{ ;Gbe{df b]xfo cg';f/ ul/g' kg]{ b]lvPsf] 5 M- | |
| ५.१ | | | गाउँपालिकाले विभिन्न कामको प्रयोजनको लागि सवारी भाडामा लिएको देखियो। स्वीकृत दररेटको आधारमा निश्चित समयका लागि मात्र भाडामा लिनुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | | राजश्व व्यवस्थापनको लागि तयार गरिएका स्वीकृत म.ले.प. फारामहरुको प्रयोग नगरेको एक आ.व.मा आम्दानी गरिएको रकमको एकिकृत विवरणहरु तयार नगरिएको वडागत तथा पालिकागत राजश्वलाई थप व्यवस्थित गर्नुपर्ने तथा जिन्सी व्यवस्थापनका सम्बन्धमा गाउँपालिकाले आवश्यक पहल गर्नुपर्ने देखिन्छ।कार्यालयबाट आ.व.2077।078 मा गरिएका निर्माण कार्यहरुको Design Drawing तयार गरी सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार पारेको Standard Bidding Document को आधारमा Bid Document तयार गर्नुपर्ने साथै निर्माणकार्यको लागत अनुमान तयार गर्दा विमा, ल्याव टेष्ट सम्बन्धी प्रावधानहरु समावेश गरी निर्माण कार्य गराउँनु पर्दछ । | |
| ५.३ | | | लक्षित वर्गका कार्यक्रमहरु संचालन गर्दा प्रत्येक कार्यक्रमका लागि कार्यक्रम सम्बन्धी पृष्ठभूमि र उद्देश्य, आधारभुत तथ्याँक तथा उपलब्ध गराउनुपर्ने भौतिक सुविधा/उपकरणहरुसहितको कार्यक्षेत्रगत शर्त (TOR) बनाई स्वीकृत नर्म्सअनुसार लागत अनुमान स्वीकृत गर्नुपर्नेमा बजेटका आधारमा संस्था तथा गाउँपालिकास्तरीय विभिन्न सञ्जालहरु गठन गरी रकम भुक्तानी गर्नुको सट्टा पारदर्शी रुपमा संस्था छनौट गरी यसको न्युनिकरण गरी ऐन नियमको अधिनमा रहेर मात्र कार्यक्रमहरु संचालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |
| ६ | | | **उपभोक्ता समिति दर्ता**<br>संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । कार्यालयले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **मर्मत सम्भार कोष**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । साथै गाउँपालिकाले विभिन्न आयोजना÷कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौताको शर्तमा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिको हुने उल्लेख भए÷नभएकोले सम्पन्न आयोजना मर्मत सम्भारका लागि उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु–सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ । | |
| ८ | | | **निर्माण कार्यको गुणस्तर**<br>गाउँ कार्यपालिका कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण÷कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने÷गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ । | |
| ९ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री मनकुमारी बुढा विष्टले २०७७।०३।१० गते रु. ५१ करोड २६ लाख ८४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।२३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **अबण्डा बजेट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष अबण्डामा राखेको रकमबाट कार्यपालिकाको मिति 2077।06।19 को निर्णयबाट पुँजीगततर्फ २ शीर्षकमा रु.१८ लाख ५० हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ११ | | | **चौमासिक पूँजीगत खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार देहायबमोजिमका कार्यक्रम तथा खर्च शिर्षकमा चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। | |

| सि. नं. | खर्च शीर्षक | शीर्षक | कूल खर्च | चौमासिक खर्च | | | असार महिनाको खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम | दोस्रो | तेस्रो | |
| १ | ३११११ | आवासीय भवन निर्माण/ खरिद | ६८,४५,१५८ | ० | १७,५०,००० | ५०,९५,१५८ | ४१,९८,०९१ |
| २ | ३१११२ | गैर आवासीय भवन निर्माण/ खरिद | ३,२२,०४,९१८.५७ | ० | ७१,२०,००० | २,५०,८४,९१८.५७ | २,४०,०४,९१८.५७ |
| ३ | ३१११३ | निर्मित भवनको | ३,४८,४४८ | ० | १,४८,४४८ | २,००,००० | २,००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | संरचनात्मक सुधार खर्च | | | | | | |
| | | | ४ | ३११२१ | सवारी साधन | १३,३३,६७१ | ० | १३,००० | १३,२०,६७१ | १३,२०,६७१ | |
| | | | ५ | ३११२२ | मेशिनरी तथा औजार | ६२,८८,७७६ | ० | ११,५७,७७६ | ५१,३१,००० | २१,८३,६८२ | |
| | | | ६ | ३११२३ | फर्निचर तथा फिक्चर्स | २९,११,८९० | ० | ३,३९,५६५ | २५,७२,३२५ | २०,४५,१९५ | |
| | | | ७ | ३११३१ | पशुधन तथा बागवानी विकास खर्च | ९,००,००० | ० | ० | ९,००,००० | ७,५०,००० | |
| | | | ८ | ३११३२ | अनुसन्धान तथा विकास सम्बन्धी खर्च | २७,०९,१७८ | ० | ० | २७,०९,१७८ | २७,०९,१७८ | |
| | | | ९ | ३११३५ | पूँजीगत परामर्श खर्च | २७,८९,३८२ | ० | ६९,९२४ | २७,१९,४५८ | २६,६५,६७० | |
| | | | १० | ३११५१ | सडक तथा पूल निर्माण | ५,७०,१८,८९८.८२ | ५,०९,८३२ | ७६,०७,१६५ | ४,८९,०१,९०१.८२ | ३,२७,३६,०६६.८४ | |
| | | | ११ | ३११५२ | रेलमार्ग तथा हवा्इ मैदान निर्माण | ३,००,००० | ० | ० | ३,००,००० | ० | |
| | | | १२ | ३११५३ | विद्युत संरचना निर्माण | ३४,८४,९११ | ० | ५,००,००० | २९,८४,९११ | १९,३४,९११ | |
| | | | १३ | ३११५४ | तटबन्ध तथा बाँधनिर्माण | २६,८९,९८१ | ० | ७,९०,००० | १८,९९,९८१ | ९,१४,२८२ | |
| | | | १४ | ३११५५ | सिंचाई संरचना निर्माण | ६,००,००० | ० | १,५०,००० | ४,५०,००० | ३,००,००० | |
| | | | १५ | ३११५६ | खानेपानी संरचना निर्माण | ८६,२८,१६१ | ० | २४,४१,८९२ | ६१,८६,२६९ | ८,०५,००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | ३११५७ | वन तथा वातावरण संरक्षण | ३९,४८,११९ | २,९०,००० | ५,६७,७७४ | ३०,९०,३४५ | १९,४०,८२५ |
| १७ | ३११५८ | सरसफाई संरचना निर्माण | ५६,५५,०६३ | ० | ३,००,००० | ५३,५५,०६३ | २६,०५,०६३ |
| १८ | ३११५९ | अन्य सार्वजनिक निर्माण | ४,००,०१,०२१ | ० | १,१५,८७,४६४ | २,८४,१३,५५७ | १,६२,९०,००३ |
| १९ | ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ८,३९,९६९ | ० | २,६७,७३० | ५,७२,२३९ | १,१०,००० |
| २० | ३११७२ | पूँजीगत अनुसन्धान तथा परामर्श | ४३,३९,५९३ | ० | ० | ४३,३९,५९३ | ४३,३९,५९३ |
| २१ | ३१५११ | भैपरी आउने पूँजीगत | ० | ० | ० | ० | ० |
| कुल जम्मा | | | १८,३८,३७,१३८.३९ | ७,९९,८३२ | ३,४८,१०,७३८ | १४,८२,२६,५६८.३९ | १०,२०,५३,१४९.४१ |
| | | | | | | | ४०.५०% |

उपरोक्त अनुसार असार महिनामा मात्र ४०.50 प्रतिशत बजेट खर्च गरेकोले समानुपातिक हिसाबले खर्च गरिनुपर्दछ ।

१२

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | खर्च प्रतिशत | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| आर्थिक विकास | ६४१२०३५० | 42874650.53 | 66.87% | 8.85% |
| सामाजिक क्षेत्र | 261094600 | 220842775.4 | 84.58% | 45.61% |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| पूर्वाधार विकास क्षेत्र | 132897800 | 85901540.86 | 64.64% | 17.74% |
| वातावरण तथा विपद् व्यवस्थापन | 7766400 | 6911759 | 89.00% | 1.43% |
| संस्थागत विकास र सेवा प्रवाह | 68441405 | 56489526.99 | 82.54% | 11.67% |
| वित्तीय व्यवस्थापन र सुशासन | 250000 | 17880 | 7.15% | 0.00% |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 86009405 | 71150256.99 | 82.72% | 14.69% |
| जम्मा | 62,05,79,960.00 | 48,41,88,390.00 | 78.02% | 100.00% |

:

उल्लेखित विवरणको आधारमा कार्य संचालन तथा प्रशासनिक खर्चमा 82.72 प्रतिशत, पूर्वाधार विकास क्षेत्रमा 64.64 प्रतिशत, सामाजिक क्षेत्रमा 84.58 प्रतिशत, वित्तिय व्यवस्थापन तथा सुशासनमा 4.15 प्रतिशत खर्च गरेबाट तुलनात्मक रुपमा सामाजिक क्षेत्र र वातावरण तथा विपद व्यवस्थापनमा बढी खर्च गरेको देखिन्छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **खर्च विश्लेषण**<br>पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.६८४७६६५७.५७ राजस्व बाँडफाँड र अनुदानबाट रु.११५६००००० .00 समेत रु.१८४०७६६५७.५७ आम्दानी भएकोमा चालु/आन्तरिक तर्फ रु.२५८६२२४५४.४१ र पूँजिगततर्फ रु.१८३८३७१३८.३९ समेत रु.४४२४५९५९२.८० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 1.27 प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु.९११२०००.00 खर्च भएको छ । जुन आन्तरिक आयको ६१.९१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८१.४ प्रतिशत चालु र ७२.९५ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td></td><td></td><td>
योजना र कार्यान्वयन<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>54</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>190</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>34</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>16</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>8</td></tr>
<tr><td></td><td>जम्मा</td><td>302</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
न्यायीक समिति<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो वर्ष थप भएको ४ गरी कुल ५ विवाद दर्ता भएकोमा ४ वटा मात्र फछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **पदाधिकारी अन्य सुविधा**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.२८०८०००.00, टेलिफोन तथा मोवाइल रु. १४५८००.00, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु. १३०८०००.00, जनसम्पर्क विशेष कार्य सुविधा रु.२२३२०००.00, मर्मत सम्भारमा रु.१२००००.00, अतिथि सत्कारमा रु. ५६४०००.00 खानेपानी विजुली सरसफाईमा रु.२२८०००.00 समेत रु.९११२०००.00 खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु.९११२०००.00 भुक्तानी गर्दा विल भरपाई नराखि एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उद्देश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन। अत: उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ । | |
| १७ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.1647623.00 खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १८ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। यस स्थानीय तहले विपन्न व्यक्तिको उपचार तथा यातायात खर्च प्रयोजनको लागि यो वर्ष एक व्यक्ति एवं संघ संस्थालाई रु.५७०००.00 आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १९ | | | **अनुदानको अनुगमन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.2651000.0 तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा रु. 704000.00 गरी रु. 3355000.00बजेट व्यवस्था गरी रु.3318000.00 खर्च लेखेका छन। पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| ८०५५३५०२२०६ भूमे गाउँपालिकावडा नं.६ | | | | |
| १ | गहुँ थ्रेसर मेसिन खरिद | १५० | १५० | १०० |
| ८०५५३५०२२०७ भूमे गाउँपालिकावडा नं.७ | | | | |
| २ | कृषकहरुलाई बीऊबिजन खरिद वितरण कार्यक्रम | १५० | १५० | १०० |
| ८०५५३५०२२०८ भूमे गाउँपालिकावडा नं.८ | | | | |
| ३ | लसुन बीऊ खरिद तथा वितरण | १०० | १०० | १०० |
| ८०५५३५०२२०९ भूमे गाउँपालिकावडा नं.९ | | | | |
| ४ | लसुन बीऊ वितरण | ३०० | ३०० | १०० |
| ८०५५३५०२३०३ भूमे गाउँपालिका - कृषि | | | | |
| ५ | उन्नत बीऊबिजन खरिद | ७५ | ७५ | १०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ६ | तरकारी किट वीउ वितरण १००% अनुदान | ३०० | ३०० | १०० | |
| | | | ७ | लोपोन्मुख रैथाने बाली उत्पादन खरिद गरी ५०% थप अनुदान पूँजी | ५०० | ४८१ | ९६.२ | |
| | | | ८ | स्थानीय वाली संरक्षण कार्यव्रम ( तोरी, कोदो, फापर, मकै, गहूँ, मुला आदी । १००% | ५० | ५० | १०० | |
| | | | ९ | मागमा आधारित कृषि व्यवसाय संचालन गर्न व्यवसायिक तरकारी, फलफूल नर्सरी तथा खेतीका लागि ५०% अनुदान | २०० | २०० | १०० | |
| | | | १० | ७५% अनुदानमा व्यवसायिक च्याउ खेती अनुदान | ८१ | ८१ | १०० | |
| | | | ११ | कृषि फार्म व्यावस्थापन तथा निर्माण ५०% अनुदानमा | ३०० | ३०० | १०० | |
| | | | १२ | खाद्यान्न वाली वीज वृद्धि 100% अनुदानमा (गहुँ, मकै ) | १५० | ७५ | ५० | |
| | | | १३ | उन्नत वीउ वितरण ७५% अनुदानमा (गहुँ -२० , मकै २० ) | १५० | ७५ | ५० | |
| | | | १४ | लसुन विउ वितरण कार्यक्रम ७५% अनुदानमा | २०० | २०० | १०० | |
| | | | १५ | मौरी विकास कार्यक्रम ७५% अनुदानमा औजार उपकरण गोला वितरण | १५० | १४१ | ९४.२५ | |
| | | | १५ | ७५% अनुदानमा प्लास्टिक टनेल वितरण कार्यक्रम | १९८ | १९८ | १०० | |
| | | | १७ | फलफुल विकास कार्यक्रम हिउदे/वर्षे विरुवा वितरण स्थापना ५०% अनुदानमा | १५० | १५० | १०० | |
| | | | १८ | साना सिचाई आयोजना | ६०० | ६०० | १०० | |
| | | | १९ | मलचिङ तथा माटो उपचार प्लास्टिक खरिद | ३० | ३० | १०० | |
| | | | २० | थोपा सिचाई खरिद | ३० | ३० | १०० | |
| | | | २१ | तरकारी वीउ उत्पादन तरकारी वीउ खरिद | ६० | ६० | १०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २२ | दाँते ओखर विरुवा तथा साइन खरिद | ३० | २८ | ९३.७५ | |
| | | | २३ | कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा अनुदान | २००० | १७४० | ८७ | |
| | | | २४ | साना कृषि औजार तथा यन्त्र उपकरण अनुदान | १७५० | २९० | १६.६ | |
| | | | ८०५५३५०२५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | | | | | |
| | | | २५ | फलफूल दशक अन्तरगत स्थानीय तहमा सुन्तलाजात (सुन्तला, कागति, जुनार) बिरुवा रोपण अभियान कार्यक्रम (५०% अनुदान) | १६०० | ७३२ | ४५.७८ | |
| | | | कुल जम्मा | | ९३०४ | ६५३६ | २२३४ | |
| | | | सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) | |
| | | | ८०५५३५०२१०५ पशु सेवा | | | | | |
| | | | २६ | व्यवसायिक पशुपालक कृषक समूह सहकारी र फार्मलाई हिउँदे घाँस बाली बीऊ खरिद तथा वितरण | १२० | ११३ | ९४.१७ | |
| | | | २७ | व्यवसायिक पशुपालक कृषक समूह सहकारी र फार्मलाई वर्षे घाँस बाली बीऊ खरिद तथा वितरण | १२० | ११३ | ९४.५८ | |
| | | | २८ | २५ भन्दा बढी भेडा बाख्रा पाल्ने कृषकलाई प्रजनन बोका वितरण | ४५० | ४५० | १०० | |
| | | | ८०५५३५०२२०३ भूमे गाउँपालिकावडा नं.३ | | | | | |
| | | | २९ | बदेजो खरिद क्याङ्सी | ६५ | ६५ | १०० | |
| | | | ८०५५३५०२२०८ भूमे गाउँपालिकावडा नं.८ | | | | | |
| | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३० | भकारो सुधारका लागि सिमेन्ट खरिद वितरण | ३०० | ३०० | १०० |
| ८०५५३५०२२०९ भूमे गाउँपालिकावडा नं.९ | | | | |
| ३१ | उन्नत जातको पशु प्रवर्द्धन | ३०० | ३०० | १०० |
| ८०५५३५०२५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | | | | |
| ३२ | लागत साझेदारीमा भैँडा संरक्षण कार्यक्रम | १००० | १००० | १०० |
| ३३ | बंगुरको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन | १००० | ९७७ | ९७.७५ |
| कुल जम्मा | | 3355 | 3318 | |

२०

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | २५,००० | ० | 0% |
| भुमिकर/मालपोत | 1200000 | 1358261 | 113% |
| घरवहाल कर | 400000 | ३८,१२० | 10% |
| वहाल विटौरी कर | १०,००० | ० | 0% |
| सवारी साधन कर (साना सवारी) | १०,००० | ० | 0% |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | अन्य मनोरञ्जन कर | १५,००० | १,००० | 7% | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३०,००० | ६२,५२५ | 208% | | |
| | | | | अन्य कर | 1500000 | ३९,११४ | 3% | | |
| | | | | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १०,००० | 494901 | 4949% | | |
| | | | | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ४०,००० | ० | 0% | | |
| | | | | न्यायिक दस्तूर | १५,००० | २,१५० | 14% | | |
| | | | | शिक्षा क्षेत्रको आम्दानी | ४०,००० | ० | 0% | | |
| | | | | परीक्षा शुल्क | २५,००० | 174300 | 697% | | |
| | | | | अन्य प्रशासनिक सेवा शुल्क | 400000 | 344500 | 86% | | |
| | | | | नक्सापास दस्तुर | १५,००० | ० | 0% | | |
| | | | | सिफारिश दस्तुर | 400000 | 1150533 | 288% | | |
| | | | | व्यक्तिगत घटना दर्ता दस्तुर | 150000 | ८७,६०० | 58% | | |
| | | | | नाता प्रमाणित दस्तुर | ६५,००० | ५९,६०० | 92% | | |
| | | | | अन्य दस्तुर | ० | 402599 | 0 % | | |
| | | | | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५०,००० | 407060 | 814% | | |
| | | | | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ५०,००० | २२,००० | 44% | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| न्यायिक दण्ड, जरिवाना र जफत | ५०,००० | ० | 0% |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०,००० | ० | 0% |
| अन्य राजस्व | ५०,००० | 516940.02 | 1034% |
| व्यवसाय कर | ५०,००० | 235775 | 472% |
| बेरुजू | 500000 | 245000 | 49% |
| जम्मा | ५,१५०,००० | ५,६४१,९७८ | 110% |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझिलिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **मूल्य अभिवृद्धि कर कट्टी** | २६,३२५ |

मूल्य अभिवृद्धि कर कट्टी – मूल्य अभिवृद्धिकर 2053,(संशोधन सहित) को दफा ६ ग बमोजिम सरकारी कार्यालयले ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित निर्माण व्यवसायी, सेवा प्रदायकको नाममा जम्मा हुने गरी सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.26325.00 कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले मू.अ.कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मु.अ.कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|
| 4-2077।06।28 | रेडियो पूर्वि रुकुम | 457650 | 52650 | 26325 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **उपभोक्ता समिति दर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो वर्ष विभिन्न २५६ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.७७५३८०००.00 भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| २३ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ७६-२०७८।०३।२९ | वृहत बहुउद्देश्यीय रङ्गशाला नि.उ.स. | खेलमैदान निर्माणका | ३० लाख | एक्साभेटर | 400045.98 |
| | | जम्मा | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **जटिल संरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| गो.भौ.नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३१/२०७८।०३।०७ | सेराबाङ स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | १९९७२५९.७ |
| ४३/२०७८।०३।१६ | कोर्जा स्वास्थ्य चौकी भवन निउस | भवन निर्माण | २४४८५५९ |
| ६६/२०७८।०३।२५ | धर्मशाला स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | २१८७३८१.७६ |
| ७०/२०७८।०३।२८ | लुकुम स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | २६९७२१९.११ |
| १६१/२०७८।३।२० | लुकुमखोला लघुजलविद्युत उ.स. | ELC Board लगायतका सामाग्री खरिद | ८०००००. |
| ७०/२०७८।०३।१२ | त्रिवेणी माध्यामिक विद्यालय काँक्री | RCC भवन निर्माण | ६००००००. |
| ५८/२०७८।०३।२२ | जनशक्ति माध्यामिक विद्यालय काँडा | RCC भवन निर्माण | ३६००००. |
| ७८/२०७८।०३।२९ | जनशक्ति माध्यामिक विद्यालय काँडा | RCC भवन निर्माण | १८०००००. |
| ७८/२०७८।०३।२९ | बराह आधारभुत विद्यालय स्याला | RCC भवन निर्माण | १८०००००. |
| ७८/२०७८।०३।२९ | जनशक्ति आधारभुत विद्यालय झिम्का | RCC भवन निर्माण | १८०००००. |

| २५ क्रमे | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **डी.पी.आर.खर्च**<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ। | |

| क्र.सं | कार्यक्रम को नाम | कूल खर्च रु. | कूल खर्च मध्ये परामर्श खर्च रु. |
|---|---|---|---|
| 1 | वडा कार्यालयहरुको भवन निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन | 1800 | 1045.25 |
| 2 | थवाङखोला जलविद्युत आयोजना निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन | 1930 | 1362.21 |
| 3 | गाउँपालिका भवन निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन | 1350 | 1246.4 |
| 4 | गाउँपालिकाका सडकहरुका लागि विस्तृत परियोजना प्रतिवेदन | 1980 | 1620.42 |
| 5 | आदिवासी जनजाती संग्रहालय निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन | 1500 | 1464.59 |
| 6 | महत युद्धफिचर विस्तृत परियोजना प्रतिवेदन निर्माण | 1500 | १,४५० |
| 7 | शहिद वासुस्मृति जनवादी विद्यालय संग्रहालय विस्तृत परियोजना प्रतिवेदन | 1500 | 1,425 |
| 8 | कुचीवाङ सिमखोला सडक निर्माण (प्रारम्भिक वातावरणीय परिक्षण IEE) | ८०० | 744 |
| 9 | थवाङखोला जलविद्युत आयोजना निर्माण (प्रारम्भिक वातावरणीय परिक्षण IEE) | ५०० | 433.628 |
| 10 | ९ नं वडाको स्रोत नक्सा (अध्ययन प्रतिवेदन) | २५० | २३४ |
| 11 | पर्यटकिय क्षेत्र विकास प्रतिवेदन (अध्ययन प्रतिवेदन) | ६०० | 207.7 |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| २६ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.न. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ती | पदपूर्ती मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | चैतेछहरा आधारभूत विद्यालय पेदी धर्मशाला भूमे ९ | ३ | ० | ३ | 47 |
| २ | आधारभूत विद्यालय दुवाचौर भूमे ९ | ४ | २ | २ | 132 |
| ३ | आधारभूत विद्यालय सिमचौर भूमे ९ | ४ | २ | २ | 165 |
| ४ | नेपाल राष्ट्रिय माद्यमिक विद्यालय चुनवाङ भूमे ९ | १५ | १० | ५ | 810 |
| ५ | सन्नी आधारभूत विद्यालय गलमछिन्ने भूमे ९ | २ | ० | २ | 40 |
| ६ | मदन स्मृती आधारभूत विद्यालय डाँडागाउँ भूमे ९ | १ | ० | १ | 49 |
| ७ | बालविकास आधारभूत विद्यालय गोठीवाङ भूमे ९ | ० | ० | ० | 36 |
| ८ | जनता आधारभूत विद्यालय सेरावाङ भूमे ५ | ३ | २ | १ | 166 |
| ९ | आधारभूत विद्यालय डालिवाङ भूमे ५ | ३ | ३ | ० | 72 |
| १० | जनशक्ति माद्यमिक विद्यालय काँडा भूमे ४ | ६ | २ | ४ | 274 |
| ११ | जनविकास आधारभूत विद्यालय तल्लोसाकिम भूमे ४ | ४ | ४ | ० | 82 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १२ | भूमी आधारभूत विद्यालय रुजिखोला भूमे १ | ३ | २ | १ | 124 | | |
| | | | | १३ | त्रिवेणी माद्यमिक विद्यालय काँक्री भूमे २ | ४ | १ | ३ | 271 | | |
| | | | | १४ | बराहा आधारभूत विद्यालय स्याला भूमे १ | ३ | १ | २ | 163 | | |
| | | | | १५ | सिद्धचौर माद्यमिक विद्यालय लुकुम भूमे १ | १५ | १२ | ३ | 650 | | |
| | | | | १६ | त्रिभुवन आधारभूत विद्यालय खावाङ भूमे २ | ३ | २ | १ | 146 | | |
| | | | | १७ | हिमालय आधारभूत विद्यालय गावाङ भूमे २ | ३ | ३ | ० | 83 | | |
| | | | | १८ | बालविकास आधारभूत विद्यालय जङ्गडाँडा भूमे २ | ३ | १ | २ | 32 | | |
| | | | | १९ | बालज्योती आधारभूत विद्यालय दहवाङ भूमे २ | १ | ० | १ | 50 | | |
| | | | | २० | सरस्वती आधारभूत विद्यालय भूमे ८ | ३ | २ | १ | 263 | | |
| | | | | २१ | जनज्योती आधारभूत विद्यालय धर्मशाला भूमे ७ | ३ | ३ | ० | 129 | | |
| | | | | २२ | जनजागृती माद्यमिक विद्यालय महत भूमे ६ | १४ | ६ | ८ | 432 | | |
| | | | | २३ | आधारभूत विद्यालय लावाङ भूमे ७ | ३ | ३ | ० | 81 | | |
| | | | | २४ | छेलोफाल्ने आधारभूत विद्यालय गुनाम भूमे ७ | ३ | १ | २ | 83 | | |
| | | | | २५ | जनचेतना आधारभूत विद्यालय खाम्दै भूमे ६ | ३ | १ | २ | 85 | | |
| | | | | २६ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय कोर्जा भूमे ८ | ३ | ३ | ० | 190 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २७ | बाल जनजागरण आधारभूत विद्यालय रिसालचौर भूमे ६ | ३ | १ | २ | 99 | | |
| | | | | २८ | टक्सार आधारभूत विद्यालय झुम्लावाङ भूमे ३ | ३ | २ | १ | 168 | | |
| | | | | २९ | नमूना आधारभूत विद्यालय मोरावाङ भूमे ३ | ३ | ३ | ० | 136 | | |
| | | | | ३० | शहिद शुक्र माद्यमिक विद्यालय सिमा भूमे ३ | १४ | ८ | ६ | 353 | | |
| | | | | ३१ | शहिद वासु स्मृती आधारभूत विद्यालय क्याङ्सी भूमे ३ | ६ | २ | ४ | 153 | | |
| | | | | ३२ | माद्यमिक विद्यालय कुचिवाङ भूमे ८ | ५ | ३ | २ | 276 | | |
| | | | | ३३ | जनशक्ति आधारभूत विद्यालय झिम्का भूमे ८ | ० | ० | ० | 58 | | |
| | | | | जम्मा | | १४६ | ८५ | ६१ | 5898 | | |
| | | | उपरोक्त विवरणको आधारमा स्वीकृत दरबन्दीका शिक्षक सङ्ख्याले विद्यार्थी सङ्ख्यालाई भाग गर्दा आउने भागफलको आधारमा अनुपात कायम गरिएको छ । जस अनुसार १ शिक्षक बराबर ११ जना विद्यार्थी देखि ६८ जना विद्यार्थी परेको देखिन्छ । यसले विद्यार्थीको सिकाइ उपलब्धिमा समेत पर्ने प्रभाव मूल्याङ्कन हुनुपर्दछ । | | | | | | | | |
| २७ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोरेटो बाटो र तटबन्ध निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २१५ जनालाई रोजगारी उपलव्ध गराई रु.१,11,१४0००.00 खर्च गरेको छ । लक्षित वर्गलाई १ सय दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
